"कृषि, शिक्षा, स्वास्थ्य, भौतिक पुर्वाधार, बाताबरण तथा सन्चार कविलासी नगरपालिकाको समृदिको मूल आधार"

# आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम तथा बजेट

## कविलासी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

कविलासी, सर्लाही ।

मधेश प्रदेश

# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल

## मेरो भन्नु



देशमा सङ्घीयता कार्यान्वयन भएपछि गठित स्थानीय सरकार क्रियाशीलताका छैठो वर्ष सफलतापूर्वक व्यतित भएका छन् । आ.व. २०८०/०८१ सम्भवत हाम्रो कार्यकालको दोस्रो बर्ष रहनेछ । कविलासी नगरपालिकाको सातौं बर्षमा आठ वटा नगरसभा सम्पन्न गरिसकेको छ । स्थानयि तहको चुनाववाट चुनिएर आएका सम्पूर्ण पदाधिकारीहरुबाट छानिएर आएका आयोजना, कार्यक्रमलाई समेटि बार्षिक नगर नीति कार्यक्रम तथा बजेट यहाँहरु समक्ष गरिमामय नवौं नगरसभामा प्रस्तुत गर्न पाउँदा खुसीको अनुभुती भइरहेको छ ।

हामी नेपाली जनताको चाहना, आन्दोलनको उपलव्धी संस्थागत गर्ने सिलसिलामा नेपालको संविधान वमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहले आफु संग उपलब्ध श्रोत र साधनलाई प्रवर्धन गर्दै जन-सहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक सामावेशी र समता समानताको न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजवाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्म शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्दै र स्थानीय नेतृत्वको विकास गर्न स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक आचरणलाई संस्थागत गर्न लागि परिरहेका छौं ।

स्थानीय तहलाई संविधान प्रदत्त अधिकारीको उपयोग गरि सम्पूर्ण नगरवासी नागरिकहरुको जीवन सञ्चालनार्थ सर्वसुलभ सरल र स हज गुणस्तरीय वस्तुहरुको उपलब्धता र उपयोगका माध्यमवाट सहज जीवन यापन गराउन कविलासी नगरपालिका प्रतिवद्ध छ । नगरले अवलम्बन गरेका नीति, कार्यक्रमलाई कार्यान्वयन गर्न महत्वपूर्ण औजारको रुपमा लिईएको यो नगर विकास योजना निर्माणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दछौं । नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गरेका छौ ।

**धन्यवाद !!!!**

पुनम कर्ण
पुनम कर्ण
उप-प्रमुख

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
राष्ट्रसेवक कर्मचारीहरु तथा नगर सभामा उपस्थित अन्य महानुभावहरु।

यस गरिमामय सभामा कविलासी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा कविलासी नगरपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध कविलासी नगरपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त कविलासी नगरपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध कविलासी नगरपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

कविलासी नगरपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर कविलासी नगरपालिकाको पहिचान कायम राखे र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

<u>(क) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )</u>

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तानान्तरणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकवाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सवैको साझा मुद्दा हुन पुगेकोछ ।

Pkarna
पुजन कर्ण
उप-प्रमुख

यस विष्म परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनरुत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो कविलासी नगरपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ दिगो शान्ति,सुशासन,विकास र समृद्धीको अनुभूति जनमानसमा ल्याउन कविलासी नगरपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि आन्तरिक सुशासन र सवल प्रशासनको विकास मार्फत बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा व्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ख) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछन्:

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। कविलासी नगरपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६। सडक निर्माणमा भएको लगानी संगै कविलासी नगरपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

७। घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन्:

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

४। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

पुनम कर्ण
उप-प्रमुख

९। बाढी तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन गरि अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखन्डमा कविलासी नगरपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**सभाध्क्ष महोदय,**

सुन्दरसमुन्नत र समृद्ध , कविलासी नगरपालिका निर्माण गर्ने लक्ष्य प्राप्तिको लागि कविलासी नगरपालिकाले अवलम्वन गरेको नीति तथा कार्यक्रमलाई केन्द्रमा राखी अव म आगामी आ. व.२०८०/०८१ को बजेट तथा कार्यक्रमका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु।

**उदेश्य तथा प्राथमिकताहरु**

१. दिगो विकास वातावरणीय संरक्षण र सम्वन्धनमा सहयोग पुर्याउने,

२. स्वच्छ सफा र सुन्दर कविलासी नगरपालिका बनाउन फोहरमैला व्यवस्थापन गर्ने,

३. जनताको जीवनस्तरमा सुधार ल्याउन आम्दनी र रोजगारी बढाउने,

४. उत्पादनमूलक तथा छिठो प्रतिफल प्राप्त गर्ने योजनाहरुमा लगानी सुरक्षित गर्ने,

५. आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पूर्वाधार विकास गरी समुन्नत र समृद्ध नगर बनाई राष्ट्रिय विकासमा टेवा पुर्याउने,

६. साधन स्रोत अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी समृद्ध नगर बनाउने,

७. सामाजिक सुरक्षा तथा संरक्षणको आम जनतामा प्रत्याभुति दिलाउने,

८. लैंगिक सामान्ता सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्ने,

९. भुमी सम्वन्धी समस्यालाई समाधान गर्ने,

१०. शिक्षा स्वास्थ्य कृपि उर्जा व्यापार र पर्यटन क्षेत्रको विकस गर्ने,

११. वजेट प्रणालीमा सुधार गरी खर्चको प्रभावकारीता अभिंवृद्धी गर्ने,

१२. समष्टिगत सुशासन कायम गर्ने,

**(ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्वन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै

Pkarma
पुनम कर्ण
उप-प्रमुख

जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजना,राजस्व परामर्श समितिको प्रतिवेदन,श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको निर्णय तथा विभिन्न विषयगत समितिको निर्णयहरुको मूलभूत पक्षहरू विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँ/नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, कविलासी नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, कविलासी नगरपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा कविलासी नगरपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा कविलासी नगरपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

कविलासी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस कविलासी नगरपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**(घ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस कविलासी नगरपालिकामा हाल सम्म २५ कि.मी कालोपत्रे सडक, १४ किमि ढालान सडक, ३६ किमि ग्राभेल सडक, २३ किमि धुले वा कच्ची सडक रहेकोछ । कविलासी नगरपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ। कविलासी नगरपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ ।कविलासी नगरपालिकाबाट अन्य गाउँपालिका/नगरपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ ।

Prarna

पुनम टण्डन
उप-प्रमुख

**सिंचाइः**

कविलासी नगरपालिकाका विभिन्न वडामा गरी जम्मा ५ ओटा नहर रहेको छ। सो नहरवाट लगभग ७५ प्रतिशत कृषक सिचाइ सुविधाबाट लाभान्वीत हुने देखिन्छ। जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह, ) का क्षेत्रमा भएका उपलब्धी**

कविलासी नगरपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माणको क्रममा रहेकोछ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा बैंक मार्फत भुक्तानी आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुदलाई प्रोत्साहन गरिदै आएको छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म कविलासी नगरपालिकामा ४ किमि कृषि सडक निर्माण भएकोछ । ५ स्थानमा कृषि हाटबजार निर्माण भै सञ्चालनमा रहेका छन । कृषि सहकारीसंस्थालाइ व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ । कविलासी नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न कविलासी नगरपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । यसबाट ५० जना रोजगारी सृजना भएकोछ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ ।

दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

कविलासी नगरपालिकाले ८ वटा ऐन, ७ नियमावली, २३ कार्यविधि र ३ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक गुरूयोजना , योजना ,नीति निर्माणको क्रममा रहेको छ । कविलासी नगरपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस कविलासी नगरपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ५५.२५ प्रतिशत अंक प्राप्त गरेको छ भने स्थानीय तहको वित्तिय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (FRA) मा ३२ प्रतिशत अंक प्राप्त गरेको छ ।



पुनम कर्ण
उप-प्रमुख

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(ङ) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा ऐन तथा शिक्षा नियमावली, समता विकास रणनीति,विद्यालय विपद पूर्व त्यारी योजना,शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. कविलासी नगरपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

७. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरवन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

८. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी कविलासी नगरपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

९. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरिनेछ।

११. स्वयमसेवक शिक्षक तयार गरी आवश्यक भएको विद्यालयमा शिक्षण क्रियाकलाप व्यवस्थापन गरिनेछ।

Prarna
पुनम खर्ग
उप-प्रमुख

१२. "उत्कृष्ट शैक्षिक गन्तव्य कविलासी नगरपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने विद्यालय शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ। र त्यसका लागि १० वर्षे नगर शिक्षा योजना ड्राफ्ट तयार भएको छ।

१३. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा वालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१४. विद्यालयहरुमा आवश्यकताको अधारमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१५. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१६. कविलासी नगरपालिका क्षेत्र भित्रका गुरुकुल, मदर्शा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

१७. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एकिकृत शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) को प्रभावकारी कार्यन्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

### ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. कविलासी नगरपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. कविलासी नगरपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. कविलासी नगरपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

### ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रवन्ध मिलाइनेछ।

४. युवा वर्गका शारिरीक तथा वौद्धिक विकास गर्न र स्वच्छ निरोगी युवा तयार पार्न खेलकुदमा विशेष जोड दिइनेछ।

Prerna
पुनम कर्ण
उप-प्रमुख

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि कविलासी नगरपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

६. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

७. स्वदेशमा उद्यम तथा स्वरोजगार गर्न चाहने युवायुवतीहरुले समूह वा सहकारीमा आवद्ध भइ उद्यम गर्न चाहेमा त्यस्तासमूह वा सहकारी एवम अति विपन्न नागरिक तथा लक्षित समुदायका व्यक्तहरुलाई परियोजना प्रस्तावको अधारमा सीप तथा तालिम, विउपुँजी प्रविधि, सहुलियपूर्ण कर्जा र बजारीकरणमा सहयोग गरी उद्यमी सिर्जना गर्न **नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि कार्यक्रम कार्यविधि तयार गरिनेछ।

८. नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको सीप अनुभव र व्यक्तिगत विवरण समेतको अभिलेख रहने गरी नगरपालिकामा श्रम बैङ्क स्थापना गरिनेछ। यस्ता श्रम बैंकमा आवद्ध श्रमिकहरुलाई नगर क्षेत्रभित्र हुने विकास निर्माण, सडक मर्मत, नाली सरसफाई, विपद व्यवस्थापन, फोहर व्यवस्थापन, पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिनेछ।

९. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१०. "एक वडा, एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

११. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

१२. कविलासी नगरपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गरिनेछ।

६. ज्येष्ठ नागरिक परिचयपत्र वितरणलाई सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ।

७. कविलासी नगरपालिकाको सडकलाई हरित सडक बनाउन सडक छेउमा वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ।

Praerna
पुनम कर्ण
उप-प्रमुख

८. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

९. **"हिंसा मुक्त कविलासी नगरपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१०. कविलासी नगरपालिकाको बजेट तथा कार्यक्रममा "हिंसा मुक्त कविलासी नगरपालिका हाम्रो पहिचान" अभियान संचालन गर्न बजेटको व्यवस्था मिलाइनेछ।

११. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१३. कविलासी नगरपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१४. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।

१५. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१६. कविलासी नगरपालिकाका सबै वडाहरुलाई आ. व. २०८१/८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

**ङ. स्वास्थ्य,आयुर्वेद सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी कविलासी नगरपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

६. आर्थिक रुपमा अति विपन्न कविलासी नगरपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

७. असक्त जेष्ठ नागरिक र अपाङ्गहरुलाई महिनाको एक पटक महिनामा ५ स्वास्थ्यकर्मीहरु घर घरमै गएर स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

८. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विपादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

९. कविलासी नगरपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

Pkarna १०
पुनम कर्ण
उप-प्रमुख

१०. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

११. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१२. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

१३. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१४. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१५. स्वास्थ्य जिवनका लागि योग्य ध्यान र सकारात्मक सोच प्रशिक्षण र आयुर्वेद स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१६. ६० वर्ष वा सो भन्दा माथि उमेर पुगेका स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान सहित विदाइ गरिने छ।

१७. विभिन्न संघ संस्था तथा मेडिकल कलेज समेतको सहयोग र सहकार्यमा ERT ,महिला तथा प्रजनन स्वास्थ्य शिविर जस्ता स्वास्थ्य सिविरहरुको सञ्चालन गरिने छ।

१८. स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गरिनेछ।

१९. ४० वर्ष माथिका नागरिकहरुको प्रत्येक ६/६ मिहनामा मृगौला, रक्तचाप तथा मधुमेह परिक्षण कार्यक्रम सबै वडामा लागु गरिनेछ।

२०. नगरभित्र संचालनमा रहेका सामुदायिक तथा निजी अस्पताल, स्वास्थ्य क्लिनिक मेडिकल प्रयोगशाला, आयुर्वेद, डेन्टल पसल आदिलाई अनिवार्य रुपमा दर्ता तथा नवीकरण गराइ स्वाच्छ सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित अनुगमन निरिक्षणका लागि आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा कविलासी नगरपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि कविलासी नगरपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न कविलासी नगरपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

Prema
पुजा कर्ण
उप-प्रमुख

क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा व्यावसायिक विकासका लागि कविलासी नगरपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । कविलासी नगरपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रमा रात्रीकालिन बजारको सुरुवात गरिनेछ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

६. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न कविलासी नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. कविलासी नगरपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

९. कविलासी नगरपालिका र वाहिर अन्य गाउँपालिका/नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

१०. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

११. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

१२. मुख्य स्थान चोक र कविलासी नगरपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।

१३. कविलासी नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

१४. अन्तर गाउँपालिका/नगरपालिका सम्वन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्वन्ध विस्तार गरिनेछ।

१२

पुनम कर्ण
उप-प्रमुख

ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. धान्न तथा गहुबालि बिउमा आत्मनिर्भरका लागि मुल तथा प्रमाणित बिउ वितरण गरिनेछ ।
३. वाली बिशेष पकेट स्थापन गरी ब्यबसायिक चैते धानगहुँ र मकै उत्पादनको क्षेत्र ,धान , । विस्तार गरिनेछ
४. कृषक दर्ता। अभिलेखीकरण तथा कृषक परिचय पत्र उपलब्ध गरिनेछ ।
५. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। कविलासी नगरपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
६. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
७. कविलासी नगरपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
८. कृषि आधुनिकरण तथा उत्पादन ब्यबस्थापन प्रणालीका लागि Result Oriented Agriculture Digitized System विकास गरिनेछ ।
९. बालिनालिमा बिपादी न्यूनीकरण अभियान संचालन गरिनेछ ।
१०. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको कविलासी नगरपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।
११. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
१२. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
१३: कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सफ्टवयर** निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
१४. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
१५. निशूल्क पशु स्वास्थ्य शिविर संचालन गरिने छ।
१६. पशु बिमा सम्वन्धि दिने गोष्ठी संचालन गरिनेछ।
१७. घासमा आधारित पशुपालन ब्यवसायलाई प्रोत्साहन गरिनेछ । जै, वर्पिम घाँस, टीओसेन्टी तथा सुडान घाँसको विउ वितरण गरिनेछ।
१८. परजिवी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ।

१३

पुनम ठकुर
उप-प्रमुख

१९. पशु विमामा ५०% अनुदानको व्यवस्था मिलाइने छ।

### ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा. विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्पिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. कविलासी नगरपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिवी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

६. नेपाल सरकारबाट विकास भएको COPOMIS मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन आवश्यक सहयोग एवं सहजिकरण गरिने छ।

७. सहकारी संघ संस्था र वितीय संघ संस्थासंगको साझेदारीमा वितीइ साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र कविलासी नगरपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, कविलासी नगरपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय टिभि च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा "हाम्रो कविलासी नगरपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. कविलासी नगरपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै कविलासी नगरपालिकालाई सूचनामैत्रि बनाइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रवन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

Prarna

उप-प्रमुख

३. प्रत्येक वडामा मेलमिलपकर्ताको व्यवस्था गरि विवाद निरुपण र मेलमिलाप आधारभूत सिद्धान्तहरुको पालनामा जोड दिइनेछ,विवाद निरुपणमा आविभेद सहभागिता,जवाफदेहिता र सशक्तीकरण जस्ता पक्षलाई ध्यान दिईनेछ । न्ययिक समितिका निर्णयहरुलाई कार्यान्वयनको लागि नगर प्रहरीको जिम्मेवारी किटानी गरिनेछ ।
४. लैगिक हिंसा बाट प्रभावित महिला तथा बालबालिकाहरुलाई अस्थायी आश्रयस्थलको व्यवस्था गरिनेछ ।हिंसा पीडित महिला,अपाङ्ग भएका व्यक्ति दलित बालबालिका र जेष्ट नागरिकलाई प्रदेश र सघिय सरकारको सहकार्यमा निशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ ।
५. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
६. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
७. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्वन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

**५. सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. कविलासी नगरपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
२. कविलासी नगरपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, वेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी कविलासी नगरपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
५. कविलासी नगरपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
६. कविलासी नगरपालिका र कविलासी नगरपालिका अन्तर्गतका कार्यालयहरुमा करारमा कार्यरत कर्मचारीहरुको अगामी आ.व २०८०/८१ मा समेत सेवा करार निरन्तरता दिइने छ।
७. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
८. कविलासी नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा कविलासी नगरपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।



उप-प्रमुख

९. कविलासी नगरपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली वनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

१०. कविलासी नगरपालिकाको काम कारवाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो कविलासी नगरपालिका" नामक मोवाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र कविलासी नगरपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन वनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

११. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१२. कविलासी नगरपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी वनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१३. प्रहरी र वारुण यन्त्रका कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी दरवन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१४. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१५. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा वजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१६. कविलासी नगरपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१७. कविलासी नगरपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१८. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१९. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

२०. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

PKarna

पुनम कर्ण
उप-प्रमुख

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी कविलासी नगरपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।

८. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

९. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१०. कविलासी नगरपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

११. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

## ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न कविलासी नगरपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी कविलासी नगरपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम

Prarna
पुनम कार्की
उप-प्रमुख

न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. आगलगी जोखिम न्यूनिकरणका लागि वारुणयन्त्र साझेदारीमा खरिदको प्रकृया अगाडी वढाइने छ।

८. ढुंगा गिट्टि वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

९. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

१०. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

११. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

१२. कविलासी नगरपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनरुत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१३. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

**७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्वन्धी नीति तथा कार्यक्रम**

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना वैंक" तयार गरिने छ। सो वैंकमा समाविष्ट आयोजनाहरुमा मात्र वजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. कविलासी नगरपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि कविलासी नगरपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. आवासको हकलाइ सुनिश्चित गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

६. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्धारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

उप-प्रमुख

७. सडक नाली लगायतका पूर्वाधार निर्माण गर्दा बिजुलीका पोल, तार र खानेपानी पाइपलाइनलाई व्यवस्थित गर्नको लागि सम्वन्धीत पक्षहरुसंग आपसी समन्वय गरी कम लगानी र कम क्षति हुने गरी निर्माण कार्य गरिनेछ।

८. कविलासी नगरपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी कविलासी नगरपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको सुनिश्चित्ता गरिनेछ।

९. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। कविलासी नगरपालिकाको गहनाको रुपमा रहेको सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।

१०. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न आवश्यक वजेट विनियोजन गरिनेछ।

११. विभिन्न योजनाहरुबाट रकम कट्टा गरी मर्मत सम्भार कोष खाडा गरिनेछ।

१२. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

१३. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्वन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४. कविलासी नगरपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१५. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१६. कविलासी नगरपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१७. कविलासी नगरपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१८. कविलासी नगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१९. "एक वडा-एक पार्क" निर्माण नीति लिइनेछ।

२०. कविलासी नगरपालिकाको सीमा क्षेत्र यकिन गरी कविलासी नगरपालिका सीमानामा कलात्मक तथा कविलासी नगरपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

Pkarna
पुनम कर्ण
उप-प्रमुख

२१. विभिन्न कालखन्डमा कविलासी नगरपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

२२. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

२३. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिंन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

२४. रोजगारी सृजना र मेसिनरी औजार प्रयोग नहुने 50 लाख रकम सम्मका योजना संचालन गर्न उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ।

२५. उज्यालो नगर निर्माण गर्ने प्रयोजन विद्युत प्राधिकरणसंग आवश्यक समन्वय गरी सडक पेटीमा सडक बती जडान गर्ने तथा यस पुर्व रहेको सोलार बतीहरुको मर्मत सम्भार मात्र गरी संचालनमा ल्याउनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्य गर्न कार्यालयबाट आवश्यक पहल गरिनेछ।

२६. कालोपत्रे अस्फाल्ट सडक, जटिल प्रकारका निर्माण- सम्बन्धी ठुला प्रकृतीका मेशिन औजारहरु प्रयोग गरी सम्पन्न गर्नु पर्ने २० लाख भन्दा माथिका योजनाहरुलाई ठेक्का प्रकृयाद्धारा सञ्चालन गरिने र नगरपालिकाको अनुगमन समितिले अनुगमन गरिनेछ।

२७. सडकमा अनुचित ढंगले राखिएका निर्माण सामग्रीको कारण आवगमनमा अवरोध गर्ने बाटो विग्रिने र दुर्घटना हुनेहुदा त्यस्तो व्यक्ति र निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ।

२८. नगरको गौरवको आयोजना निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी वढाइनेछ।

२९. योजनाहरुको रकमान्तर र संशोधन गर्ने कार्यलाई सकेसम्म कम गर्दै लैजाने व्यवस्था मिलाइनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. कविलासी नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

Prkaruna
पुनम ठाकुर
उप-प्रमुख

६. विगतदेखि लिज वा वहालमा लगाइएका कविलासी नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी वहाल रकम पुनरावलोकन गरिनेछ।

७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा कविलासी नगरपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

८. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

११. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

छ) आदरणीय महानुभावहरु

अब म आर्थिक वर्ष २०७८/०७९ को यर्थात आय र व्यय सम्वन्धमा संक्षिप्त रुपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक वर्षमा अनुमानित विनियोजित बजेट रु ६८ करोड ८९ लाख २६ हजार १ सय ९५ रुपैयाँ गरिएकोमा आन्तरिक आय, ३१ लाख ५३ हजार ७ सय ५८ रुपैया वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान, रकम समेत कुल संघको आय ३७ करोड ६७ लाख ६० हजार रुपैया त्यस्तै प्रदेश सरकारको अनुदान ३ करोड १९ लाख ८२ हजार रुपैया मात्र राजस्व बाँडफाँड ८ करोड ८९ लाख ३ हजार ६ सय ८ रुपैया ४५ पैसा र अन्य आय १८ करोड ८१ लाख २६ हजार ८ सय २७ रुपैया ७२ पैसा मात्र भएकोमा उक्त आम्दनी मध्ये ५९ करोड १० लाख ४९ हजार ६ सय ७८ रुपैया ५९ पैसा व्यय भएको महालेखाको प्रारमभिक प्रतिवेदनबाट देखिन्छ।

यसै क्रममा चालु आर्थिक वर्ष २०७९/०८० को संशोधित अनुमानित आय र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक वर्षको लागी संघ र प्रदेशबाट वित्तीय समानिकरण, सशर्त अनुदान र पूँजीगत, समपुरक अनुदान, विशेष अनुदान र अन्य विविध शिर्षकबाट ७५ करोड ५६ लाख ३९ हजार ३ सय ३७ रुपैया आय प्राप्त भएको छ। जस मध्ये ३० करोड ६५ लाख ५३ हजार ५ सय ४३ रुपैया व्यय भएको देखिन्छ। उक्त आय प्राप्तको स्रोत मध्ये व्ययको अनुमान गरिएकोमा चालु आर्थिक वर्षको असाढ मसान्त सम्ममा सोही रकम बराबर आय र व्यय हुने अनुमान गरेको छ। साथै चालु आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत योजनाहरु नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु व्यवस्थापन, अत्यावश्यक कानून निर्माण सडकहरुको स्तरोन्नति एवं सडक संजाल विस्तार, नाला निर्माण, धार्मिक, साँस्कृतिक, धरोहरको संरक्षण, सौर्य सडक वत्ती जडान कृषि सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थय, सामाजिक विकास, भौतिक पुर्वाधार जस्ता

Prasuna २१
पुनम कर्ण
उप-प्रमुख

विविध क्षेत्रका आयोजना तथा, कार्यक्रम, सामाजिक सुरक्षाभत्ताको वितरण जस्ता शिर्षकमा खर्च भएको र त्यसलाई अझै अगामी आर्थिक योजनाहरुमा प्राथमिकता दिनुपर्ने देखिन्छ ।

मिति २०८० असार १० गते कविलासी नगरपालिकाको नवौं नगरसभाबाट आ.व. २०८०/०८१ को लागी विनियोजन भएको अनुमानित कुल बजेट रु ७८ करोड ६४ लाख ३२ हजार रुपैया मध्ये नेपाल सरकारको संघीय बजेटमा समानिकरण अनुदान, सर्शत अनुदान(चालु), सम्पूरक अनुदान, सर्शत अनुदान (पुजिगत), विशेष अनुदान पुजिगत गरी जम्मा ३४ करोड ९ लाख प्राप्त भएको छ । त्यसतै संघीय राजस्व बाँडफाँडबाट अनुमानित रकम रु १० करोड एक लाख अठहतर हजार रुपैया प्राप्त भएको छ । प्रदेशिक बजेटमा समानिकरण अनुदान, सर्शत अनुदान(चालु), सम्पूरक अनुदान, सर्शत अनुदान ( पुजिगत), विशेष अनुदान, राजस्व बाँडफाँडमा जम्मा रु १ करोड ३८ लाख ५४ हजार रुपैया अनुमानित गरिएको छ । यसैगरी सडक बोर्ड नेपालबाट रु २० लाख, बहुक्षेत्रिय पोषण कार्यक्रमबाट रु २५ लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट रु ७० लाख, जेष्टनागरिक दीर्घसेवा सम्मान तथा सा. सु कार्यक्रमबाट रु २१ करोड, आन्तरिक राजस्वबाट रु ५० लाख रुपैया र चालु आ.व. २०७९।०८० को मौजुदा रकम रु ५ करोड रहेको छ ।

२९. अब म माथिका क्षेत्रगत निति तथा कार्यक्रमहरु कार्यान्वयनको लागी बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

चालु आर्थिक वर्षको मुख्य मुख्य क्रियाकलापहरुमा सिरसिया देखि हेमपुर सम्मको सडक कालोपत्रे ,वर्थिङ्ग सेन्टर संचालन तथा नगरपालिकामा दुइ ओटा एमबुलेन्स खरिद,मदनपुर जमुनिया विरनगरा माध्यमिक विद्यालयलाई नगर नमुना विद्यालयको रुपमा विकास गर्ने,प्रत्येक वडामा कृषि विद्युतीकरण, नाला, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधार निर्माण, सौर्य सडक बत्ती, सिँचाई कार्यक्रम, कार्यालयको पूर्वाधार मर्मत सम्भार, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, आयुर्वेद तथा योगा, महिला तथा बालबालिका विकास, सामाजिक विकास, सीप तथा रोजगारी प्रवर्द्धन, रिङ्ग रोड बिकास ( सलेमपुर ,मदनपुर, पिपरिया, गैर बजार र कविलासी ), ओभरहेड खानेपानी टङकी, कालोपत्रे, कार्यक्रमहरुमा तपशिलको अनुमानित बजेट विनियोजन गर्ने प्राथमिकता निर्धारण गरिएको छ ।

**तपसिल:**

(रकम रु. हजारमा)

| क्र.स. | विवरण | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | नगरस्तरीय योजना बजेट (प्रमुख) | ३९५५० | |
| २ | नगरस्तरीय योजना बजेट(उपप्रमुख) | १५००० | |
| ३ | वडा स्तरीय योजना (५०००*१०) | ५०००० | |
| ४ | कार्यपालिका सदस्य (७००*८) | ५६०० | |
| ५ | समपुरक कोष | २५६०० | |
| ६ | **बिषयगत क्षेत्र बजेट** | | |

Pkaona २२

पुनम कर्ण
उप-प्रमुख

| | | | |
|---|---|---|---|
| | शिक्षा शाखा | १२५०० | |
| | स्वास्थ्य शाखा | ७००० | |
| | कृषि सेवा शाखा | ४००० | |
| | पशु सेवा शाखा | १५०० | |
| | महिला तथा बालबालिका विकास शाखा | १२०० | |
| | संस्थागत विकास सेवा प्रबाह सुशासन बजेट , | १५०० | |
| | सामाजिक सुरक्षा शाखा | १००० | |
| | न्यायिक समिति शाखा | २००० | |
| | आयुर्बेद सेवा शाखा | ६०० | |
| | लघु उधम विकास शाखा | १३५४ | |
| | सहकारी सेवा | ५०० | |
| | राष्ट्रिय भुमि आयोग | ५०० | |
| ७ | सशर्त अनुदान कार्यक्रम (चालु) | १८०७०० | |
| ८ | सशर्त अनुदान कार्यक्रम (पुजीगत) | ९४४०० | |
| ९ | तलब भत्ता तथा कार्यालय संचालन खर्च (चालु) | १२१९२८ | |
| १० | कार्यालय संचालन तथा फनिचार खरिद (पुजीगत) | १०००० | |
| ११ | सामाजिक सुरक्षा भत्ता | २१०००० | |
| | जम्मा | ७८६४३२ | |

माथिको अनुमानित वर्गीकरण भन्दा बढि हुने विकास बजेट मैचिङ्ग फन्डमा राखिनेछ । उक्त रकम नगर विकास योजनामा समावेश गरि विकास गरिने नीति लिएको छ । साथै सशर्त र अन्य शिर्षकको बजेट तोकिएको नीति निर्देशन कार्यविधि परिपत्रका अधारमा खर्च गरिने नीति लिएको छ । तोकिएको अनुमानित बजेट भन्दा थप बजेट कुनै शिर्षकमा प्राप्त भएमा विशेष नगर सभाबाट अनुमोदन तथा विनियोजन गरी नगर आवश्यकता अनुसार खर्च गरिने नीति लिइनेछ ।

.बजेट प्रस्तुत भएका कार्यक्रमहरुको समयवद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको पहिलो दिनदेखी नै कार्यन्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

अगामी वर्षको बजेट तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिवर्तन वा परिमार्जन गर्न सकिने गरी गतिशिल वनांउन आवश्यक देखिन्छ । यस सन्दर्भमा योजना गरिएका कार्यहरु सञ्चालन गतिशिलता (लचकता) ल्याउन कार्यक्रम तथा बजेट तर्जुमा विधि अपनाउदै त्यस अनुसार बजेट विनियोजन गरिनेछ ।

कविलासी नगरपालिकाको आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० स्वीकृतिको लागि यसै साथ पेश गरेको छु ।

Prakrna
२३

उप-प्रमुख

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरु,प्रदेश सभाका माननीय सदस्यज्यूहरु प्रति आभार प्रकट गर्दछु। साथै अमूल्य सुझाव दिई बजेट तर्जुमा कार्यलाई मार्ग प्रशस्त गर्नु हुने कविलासी नगरपालिकाका नगर प्रमुख ज्यू,प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु,कार्यपालिका सदस्य ज्यूहरु,विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम र बजेट तर्जुमा कार्यमा अहोरात्र खट्नु हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। सम्पूर्ण राजनीतिक दलका पदाधिकारी ज्यूहरु,निजीक्षेत्र तथा विकास साझेदारी संस्थाका महानुभावहरु,बुद्धिजीवि ज्यूहरु,विषय विज्ञ,सुरक्षाकर्मी ,सञ्चार जगत लगायत नगरको विकासमा टेवा दिने आदरणिय नगरवासीज्यूहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**"हामी मालिकं होइनौ सेवक हौं"** भन्ने भावनाका साथ विचारमा भएको विविधतलाई सम्मान गर्दै र विकासमा ऐक्यवद्धता गर्ने ध्ययका साथ यो नीति तथा कार्यक्रम र बजेट पेस गरेको छु। यस नीति तथा कार्यक्रम र बजेटको सफल कार्यन्वयनले नगरवासीहरुलाई सुखी खुशी र समृद्धी तुल्याउने छ भन्ने अपेक्षा लिएको छु। नगरको विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्ने दायित्वका साथ ल्याइएको यो नीति तथा कार्यक्रम कार्यन्वयनमा सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय,राजनीतिक दल,संघ संस्था,निजी,सहकारी र वित्तीय संस्था लगायत सबै क्षेत्रबाट सहभागिता र यथोचित सहयोग प्राप्त हुने नै छ भन्नेमा विश्वस्त छु। यस कविलासी नगरपालिकालाई सक्षम र समृद्ध बनाउन हाम्रा हरेक क्रियाकलापलाई पारदर्शी जवाफदेही र जनता प्रति उत्तरदायी बनाउदै लैजाने छौं भन्ने विश्वास समेत दिलाउन चाहन्छु। अन्त्यमा गरिमामय यस नगर सभाबाट रचनात्मक सुझावको अपेक्षा सहित विदा हन्छु।

Prerna

धन्यवाद।।।

पुनम कर्ण
उप-प्रमुख